# राष्ट्र बैंकको अगुवाइमा चैत दुईदेखि आठ गतेसम्म 'ग्लोबल मनी विक' मनाइँदै

आर्थिक संवाददाता
काठमाडौं, फागुन १०




नेपाल राष्ट्र बैंकको अगुवाइमा चैत २ देखि ८ गतेसम्म ग्लोबल मनी विक' मनाइने भएको छ । बालबालिका र युवामा वित्तीय साक्षरता विस्तार गर्ने उद्देश्यले सञ्चालन हुँदै आएको 'ग्लोबल मनी विक' को चौधौँ संस्करण आगामी चैत २ देखि ८ गते (मार्च १६-२२, २०२६) सम्म नेपालसहित विश्वभर मनाउन लागिएको हो । नेपालमा रहेक वर्षजस्तै यस वर्ष पनि नेपाल राष्ट्र बैंकले राष्ट्रिय संयोजकको भूमिका निर्वाह गर्दै 'ग्लोबल मनी विक २०२६' आयोजना गर्ने भएको हो ।


केन्द्रीय बैंकको संयोजनमा बैंक तथा वित्तीय संस्था, लघुवित्त संस्था, बीमा कम्पनी, सहकारी संस्था, पुँजीबजारसँग सम्बन्धित निकाय तथा अन्य वित्तीय सेवा प्रदायकको सक्रिय सहभागिता रहने बताइएको छ । राष्ट्र बैंकले वित्तीय साक्षरता अभिवृद्धिमा क्रियाशील सम्पूर्ण सङ्घसंस्था, शैक्षिक प्रतिष्ठान, गैरसरकारी संस्था तथा सरोकारवाला निकायलाई 'ग्लोबल मनी विक' मा सक्रिय सहभागिता जनाउन आह्वान गरेको छ । वित्तीय पहुँच विस्तारसँगै वित्तीय सेवाको सुरक्षित र जिम्मेवार प्रयोग सुनिश्चित गर्नु वर्तमान आवश्यकता रहेको जनाउँदै बैंकले सामूहिक प्रयासबाट मात्र दिगो वित्तीय समावेशिता सम्भव हुने उल्लेख गरेको छ ।

'ग्लोबल मनी विक' मूलतः किशोरकिशोरी तथा युवायुवतीमा वित्तीय शिक्षाको महत्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो । 'अर्गनाइजेसन फर इकोनोमिक कोअपरेसन एन्ड डेभलपमेन्ट' (ओईसीडी) को संयोजनमा सन् २०१२ देखि प्रत्येक वर्ष विश्वव्यापी रूपमा यो अभियान सञ्चालन हुँदै आएको छ । राष्ट्र बैंकको संयोजनमा सन् २०१३ देखि नेपालमा यो अभियान सञ्चालन भइरहेको छ । अभियानबाट हालसम्म विश्वका एक सय ७६ भन्दा बढी मुलुकका करिब सात करोड बालबालिका, किशोरकिशोरी र युवा लाभान्वित भएको ओईसीडीले जनाएको छ ।

ग्लोबल मनी विकको स्थायी नारा 'सिक, बचाउ, कमाउ' (लर्न, सेभ, अर्न) रहेको छ भने यस वर्षको नारा 'स्मार्ट मनी टक्स' रहेको छ । वित्तीय निर्णयहरूमा सचेत सहभागिता, बचत तथा लगानीको संस्कार विकास, डिजिटल वित्तीय सेवाको सुरक्षित प्रयोग तथा जिम्मेवार उपभोग प्रवर्द्धन गर्नु यस अभियानका प्रमुख उद्देश्यहरू रहेका राष्ट्र बैंकले जनाएको छ । अभियानअन्तर्गत विद्यालय तथा क्याम्पस केन्द्रित वित्तीय शिक्षा कार्यक्रम, अन्तरक्रियात्मक छलफल, निबन्ध तथा वक्तृत्व प्रतियोगिता, डिजिटल वित्तीय साक्षरतासम्बन्धी तालिम, वित्तीय उपभोक्ता अधिकारबारे सचेतनामूलक कार्यक्रमलगायत विविध गतिविधि सञ्चालन हुँदै आएका छन् ।

# वित्तीय अपराध रोकथाममा जोड




आर्थिक संवाददाता
काठमाडौं, फागुन १०

नेपाल राष्ट्र बैंकको सहभागितामा वित्तीय अपराध, यसका सम्भावित जोखिम र न्यूनीकरणका विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ । न्यायाधीश समाज नेपालले नेपाल राष्ट्र बैंक समेतको सहभागितामा काठमाडौंमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको हो ।

अन्तरक्रियाका क्रममा कार्यक्रममा उपस्थित वक्ताहरूले नेपालमा प्रत्येक वर्ष बढ्दै गएको प्रविधिको प्रयोगमार्फत हुने गरेको वित्तीय अपराधको बारेमा चिन्ता व्यक्त गर्दै यसलाई रोक्नको लागि अपनाउनुपर्ने सम्भावित रोकथामका बारेमा समेत चर्चा गरेका थिए । वित्तीय अपराध बढ्दा अन्तर्राष्ट्रियरूपमा नेपालको छवि धमिलो हुने र यसले विदेशी ऋण, विदेशी सहायता र अनुदानमा समेतमा प्रभाव पार्न सक्ने वक्ताहरूको भनाइ थियो ।

कार्यक्रममा सहभागी वक्ताहरूले नेपालमा पछिल्लो समय बढ्दै गएको प्रतिबन्धित क्रिप्टो कारोबार र यसलाई रोक्नको लागि राज्य संयन्त्रले गर्नुपर्ने अल्पकालीन तथा दीर्घकालीन कामहरूको बारेमा समेत आफ्नो धारणा व्यक्त गरेका थिए । कार्यक्रममा नेपाल राष्ट्र बैंकका उच्च अधिकारीहरू, सर्वोच्च अदालतका सबैजसो न्यायाधीशहरू, कूटनीतिक नियोग र उद्योगी व्यवसायीका छाता संगठनका प्रतिनिधि, बैंक तथा फाइनान्सका प्रतिनिधिहरू एवं केही सीमित पत्रकारहहरूको उपस्थिति थियो ।


## Nepal Electricity Authority

**Notice Regarding Intent to Accept the Bid**

Notice Publication Date : 2082/11/11

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Grid Operation Department, Minbhawan, Kathmandu. (Tel No : 4106782) | GOD/2082/083-04 | M/s Sagarmatha/Ashika JV, Hetauda, Makawanpur | NRs. 2,69,78,713.71 |
| Kulekhani First Hydropower Station, Dhorsing, Makawanpur, (Tel No : 57-419104) | NEA-KL1-2082/083-MST-06 | M/s Nepal Hydro & Electric Limited, Butwal, Rupandehi. | NRs. 36,36,882.40 |
| | NEA-KL1-2082/083-EMST-09 | M/s Himalaya Electricals Pvt.Ltd, Biratnagar, Morang | NRs. 41,87,893.00 |
| Ilam (Puwakhola) Hydro Power Station, Golakharka, Ilam (Tel No.:027-520351) | NEA-IHPS-2082/083-HMST-02 | M/s Machhapuchre Metal & Machinery Works Pvt.Ltd, Pokhara | NRs. 38,43,695.00 |
| | NEA-IHPS-2082/083-EMST-03 | M/s Himalaya Electricals Pvt.Ltd., Biratnagar, Nepal | NRs17,72,896.55 |
| Transformer Workshop , Kharipati (Tel No. 01-6620238) | PROK-TWB-2082/83-03 | M/s R.P. Construction & Engineering Pvt.Ltd. Thapagaun-10, Kathamandu. | NRs. 25,88,924.02 |

## Naukunda Rural Municipality

Saramthali, Rasuwa

**Invitation for Electronic Bids**

Date of publication: 2082-11-11

1. The Naukunda Rural Municiality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the given below list under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Office of Naukunda Rural Municipality Saramthali, Rasuwa or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (as given below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank, Naukunda Branch, Rasuwa
   Name of the Office: Naukunda Rural Municipality, Saramthali, Rasuwa
   Office Account No. : 26204010000001 (Ga.1.1 Aantarik Rajaswo Khata Naukunda.)
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Bids must be submitted to the through PPMO's e-GP system before 03-24-2026 12:00. The bids will be opened at 03-24-2026 13:00 hours at the office of Naukunda Rural Municipality, Rasuwa.

| Contract Identification No. | Description of Works | Estimated Amount Without VAT | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| NRM/NCB/ Works/10/2082-83 | Construction of 4 Room Nirkubhumi Mavi School Building | NRs 52,28,782.80 | NRs 1,30,000.00, | NRs. 3,000 |
| NRM/NCB/ Works/11/2082-83 | Construction Of 4 Room Gosaikunda Mavi School Building | NRs 55,70,531.78 | NRs 1,40,000.00 | NRs.3,000 |

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

ईश्वरी प्रसाद धिताल को नाति, अम्वीका प्रसाद धिताल को छोरा अनिता धिताल को श्रीमान, बागमती प्रदेश काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ११ बस्ने शरद प्रसाद धिताल सँग निवेदक अनिता धितालले यस शाखामा संयुक्त खाता नं. १९२१५२४१०००१२२ संचालन गर्दै आएकोमा मिति २०८२।०३।१२.मा निज खातावाला शरद प्रसाद धितालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी श्रीमती नाता पर्ने अनिता धिताल ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा** १११ बमोजिम निज मृतक शरद प्रसाद धिताल को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको टेकु शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिनेसमेतसूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
**टेकु शाखा, काठमाडौं**
**फोन नम्बर** : ०१ ५३६१३५३, ५३५२४९७
**ईमेल** : Teku@nsbl.com.np

## हकदाबीको सूचना

सुदुरपश्चिम प्रदेश, अछाम जिल्ला, साँफेबगर न.पा. वडा नं. १० बस्ने मन बहादुर महताको नाति, अबै महताको छोरा, तिल बहादुर महताको मिति २०८२/०५/११ गतेका दिन मृत्यु भएकोले निजको यस बैंकमा रहेको बचत खाता नं. ०९४०५४४०२५०४२९ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती ललितादेवी महता ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
शाखा कार्यालय, नयाँ बानेश्वर, काठमाडौं
फोन नं. ०१-४७९०००९, ४७९००४७, ४७९००४८


# सानिमा रिलायन्स लाइफको मिट द च्याम्पियन कार्यक्रम सम्पन्न, उत्कृष्ट सम्मानित

आर्थिक संवाददाता
काठमाडौं, फागुन १०



चालु आर्थिक वर्षको अर्ध वार्षिक व्यवसायिक समीक्षाको कार्य मूल्यांकन, उत्कृष्टलाई सम्मान तथा बाँकी रहेको समयको व्यवसायिक रणनिति सम्बन्धमा छलफल गर्न सानिमा रिलायन्सले मिट द च्याम्पियन कार्यक्रम सम्पन्न गरेको छ ।

कम्पनी सञ्चालक समितिका अध्यक्ष रतन लालब केडियाले कार्यक्रमको उद्घाटन गरेका हुन् । प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे, नायव प्रमुख कार्यकारी अधिकृत निराजन कँडेल, प्रमुख व्यवसाय अधिकृतहरू, प्रदेश प्रमुख, विभागीय प्रमुखहरू, क्षेत्रीय प्रबन्धकहरू, एरिय म्यानेजरहरू, तथा उत्कृस्ट शाखा प्रबन्धकहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनीका अध्यक्ष रतन लाल केडियाले स्पष्ट लक्ष्य निर्धारण, प्रभावकारी रणनीति निर्माण तथा अनुशासित कार्यान्वयनमार्फत कम्पनीलाई सफलताको शिखरतर्फ अग्रसर गराउन सकिने उल्लेख गरे । चुनौतीपूर्ण आर्थिक अवस्था तथा मर्जरपछिको परिवेशका बाबजुद पनि एकता, सामञ्जस्यता र प्रतिबद्धताका साथ कार्य गर्दा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिने विश्वास व्यक्त गरे । साथै, रणनीति कागजमा मात्र सीमित नराखी व्यवहार, निर्णय र परिणाममा उतार्नुपर्नेमा जोड दिँदै उत्कृष्ट कार्यसम्पादनको कदर र स्वच्छ प्रतिस्पर्धाको संस्कृतिले कर्मचारीको मनोबल उच्च बनाइ संस्थालाई अझ सुदृढ र प्रतिस्पर्धात्मक बनाउन मद्दत पुऱ्याउने धारणा व्यक्त गरे ।

कार्यक्रममा बोल्दै प्रमुख कार्यकारी आधिकृत शिवनाथ पाण्डेले कम्पनिको तथ्यांक तथा प्रगति विवरण प्रस्तुत गर्दै कम्पनीको कार्यसम्पादन वर्षेनि सुधारोन्मुख रहेको स्पष्ट पारे । साथै हालको अवस्थामा बजार लगानी मैत्री नहुँदा समेत कम्पनीले ३७ दशमलव ८० प्रतिशत लाभांश वितरण गर्न सफल रहेको उलेख गरे । साथै कम्पनी आझै मजबुत र निरन्तर प्रगतिको बाटोमा अघि बडिरहेको बताए । उनले संस्थागत सफलता व्यक्तिगत प्रयासभन्दा माथि उठेर सामूहिक सहकार्य र समन्वयमा निर्भर रहने उल्लेख गर्दै टिमभावनालाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिए ।

आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा विभिन्न विधामा उत्कृष्ट कार्य तथा लक्ष्य हासिल गरेका क्षेत्रीय प्रबन्धक, एरिया म्यानेजर शाखा, उपशाखा प्रमुखहरूलाई सम्मानित गरिएको थियो । कार्यक्रममा नायव प्रमुख कार्यकारी अधिकृतले उपलब्ध स्रोत, साधन, ज्ञान, सीप र उत्कृष्ट ग्राहक सेवामार्फत कम्पनीको ग्राहक संख्या विस्तार गरिने र यस वर्ष कम्पनीलाई नयाँ उचाइमा पराउन सबैले अहोरात्र खटिएर काम गर्नुपर्ने बताए । कार्यक्रममा उत्कृष्ट शाखा प्रबन्धकहरूले आफ्नो कार्यानुभव साटासाट गरेका थिए ।

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडले डिजिटल सेवा विस्तार, दाबी प्रक्रिया सहजता, ग्राहक सम्पर्क प्रणाली सुदृढीकरण तथा दीर्घकालीन विश्वास निर्माणमार्फत आफूलाई नेपालको अग्रणी र भरोसायोग्य जीवन बीमा कम्पनीका रूपमा स्थापित गर्दै आएको छ । हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले देशभर एक सय ६९ शाखा सञ्जालमार्फत सेवा प्रदान गर्दै आएको छ । कम्पनीको पुँजी पाँच अर्ब रूपैयाँभन्दा बढी रहेको छ भने २० अर्ब रूपैयाँभन्दा बढी लगानी रहेको छ। साथै, २० हजार भन्दा बढी अभिकर्ताहरू कम्पनीमा कार्यरत रहेका छन् ।


आशा
**आशा लघुवित्त वित्तीय संस्था लि.**
**Asha Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६००७३
इमेल : info@ashamicrofinance.com.np
वेवसाइट : www.ashamicrofinance.com.np

को

## हितग्राही खातामा बोनस शेयर जम्मा गरिएको बारे सूचना

यस आशा लघुवित्त वित्तिय संस्था लिमिटेडको २०८२/०९/०४ गते सम्पन्न नवौं वार्षिक साधारण सभाबाट पारित ९.५० प्रतिशतका दरले बोनस शेयर नेपाल स्टक एक्सचेन्ज लि. र सिडियस एण्ड क्लियरिङ्ग लि.मा सुचिकृत तथा दर्ता भई अभौतिक रुपमा कारोबार हुने व्यवस्था भईसकेको व्यहोरा जानकारी गराउँदछौं। मिति २०८२/०८/२२ को अघिल्लो दिनसम्म कारोबार भई लिखतमा रहेका सेयरधनी महानुभावहरुको वोनश शेयर सम्बन्धित हितग्राही खातामा जम्मा गरिएको व्यहोरा जानकारी गराईन्छ ।

यस कम्पनीको शेयर मिति २०८२/०८/२१ गतेसम्म धितो बन्धक राखी कर्जा लिएका शेयरधनीहरुको हकमा शेयरधनीको हितग्राही खातामा उक्त बोनस शेयर कर्जा प्रवाह गर्ने सम्वन्धित वैंक/वित्तीय संस्थाहरुको नाममा नै रोक्का जनाई जम्मा हुने हुँदा सो कर्जा राफसाफ भईसकेको खण्डमा शेयरधनी महानुभावहरुलाई सम्वन्धित वैंक/वित्तीय संस्थामा सम्पर्क गरी सो बोनस शेयर फुकुवा गर्नु हुन अनुरोध गर्दै सो मिति पश्चात् रोक्का राखेका शेयरधनीहरुको बोनस शेयर शेयरधनीको हितग्राही खातामा रोक्का नजनाई जम्मा हुने हुँदा सम्बन्धित वैंक तथा वित्तीय संस्थाहरुलाई निजको बोनस शेयर रोक्का भए/नभएको यकिन गर्नुहुन तथा रोक्का नरहेको खण्डमा रोक्का समेत गर्नुहुन यसै सूचनाबाट सूचित गराईन्छ ।

**नोटः यस कम्पनीको भौतिक स्वरुपमा शेयर रहेका सेयरधनीहरुको हकमा हालसम्म पनि शेयर डिम्याट नगर्नु भएको भएमा शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं वा आफुलाई पायक पर्ने प्रभु बैंक लिमिटेडको शाखा कार्यालयहरुमा वा अन्य कुनै निक्षेप सदस्यहरु मार्फत हितग्राही खाता खोली शेयर डिम्याट गरि बोनस शेयर सोझै आफ्नो हितग्राही खातामा प्राप्त गर्न सकिने जानकारी गराईन्छ।**

शेयर रजिष्ट्रार
prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Ltd.)
**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाडौं, फोन नं.०१-४१६९१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com


# गोरक्ष हाइड्रोपावरले २४ लाख कित्ता सेयर बेच्ने

काठमाडौं, फागुन १० । गोरक्ष हाइड्रोपावर लिमिटेडले जगेडामा रहेको २४ लाख कित्ता सेयर बिक्रीमा राखेको छ । कम्पनीले उक्त सेयर आफ्ना सेयरधनीहरूलाई बेच्ने भएको हो । कम्पनीले आफ्नो प्रबन्धपत्रको नियम ६ (ग) बमोजिम जगेडामा रहेको सेयर मध्येबाट २४ लाख कित्ता सेयर हाल कायम रहेका सेयरधनीहरूलाई प्रतिकित्ता एक सय रूपैयाँका दरले बिक्री गर्ने निर्णय गरेको हो । सेयर खरिद गर्न इच्छुक सेयरधनीले आगामी १५ दिनभित्र सेयर खरिद फर्म, नागरिकता, राष्ट्रिय परिचयपत्र र बैंकमा रकम जम्मा गरेको भौचर सहित निवेदन दिनुपर्ने छ । तोकिएको समयावधिभित्र हाल कायम सेयरधनीबाट आंशिक वा पूर्ण रूपमा सेयर खरिदका लागि निवेदन नपरेमा बाँकी सेयर सर्वसाधारणलाई बिक्री गरिने जनाएको छ ।